# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक

वर्ष-५ | अंक-१० | २०७७ असोज ७ गते बुधबार | 23 September 2020 Wednesday | मूल्य रू. १०/-

## कोरोना कहरमा मुख्यमन्त्रीको दौडधुप

**मिसन न्यूज**
**कालिकोट**

कोरोना भाइरसको कहरमा कर्णाली प्रदेशका मुख्यमन्त्रीको व्यापक दौडधुप चलेको छ। विश्वनै आतंकित भइरहेका वेला मुख्यमन्त्री महेन्दबहादुर शाही भने, जम्बो टोली साथमा लिएर साविकको कर्णाली भ्रमणमा निस्किएका छन । नेपाल सरकारले कोरोना महामारी रोक्नका लागि देशलाई नै बन्दाबन्दी बनाइरहेका बेला कर्णाली प्रदेशका मुख्यमन्त्री शाहीले १ सय भन्दा बढीको टोलि लिएर कर्णाली भ्रमणमा गएका हुन् । उनि मात्र होइन उनिसंग कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री नरेश भण्डारी, सामाजिक विकास मन्त्री दल रावल पनि कर्णाली भ्रमणमा आएका हुन् ।



मुख्यमन्त्री महेन्द्रबहादुर शाहीको टिम कालिकोटमा । तस्विर : मिसन न्यूज

महामारीलाई रोक्नुपर्ने दायित्व कर्णाली प्रदेश सर कारको भएपनि मुख्यमन्त्री मन्त्री सहितको टोलि लिएर कर्णालीका कालीकोट, जुम्ला मुगु हुम्लाको भ्रमणमा निस्किएका हुन् । कर्णाली प्रदेशका मुख्यमन्त्री सहितका मन्त्रीले कर्णाली भ्रमण सुरु गरेको दिन मुख्यमन्त्रीका प्रेस सल्लाहकार धुर्व बुढाथोकीलाई कोरोना संक्रमण भएको थियो । उनी मात्र होइन मुख्यमन्त्रीसंगै हिड्ने पत्रकार देविराम देवकोटा र नरेश भण्डारीलाई पनि कोरोना संक्रमण पुष्टी भएको थियो । आफ्नो प्रेस सल्लाहकारलाई होम आइसोलेशनमा मुख्यमन्त्री भोलीपल्ट कालीकोट आइपुगेका थिए । कालिकोटमा पनि सयौंको संख्यामा नागरिक जम्मा गरि विभिन्न कार्यक्रम गरेका

**बाँकी ८ पेजमा.....**

## एमयूको परिक्षा नलम्ब्याउने तयारी

**मिसन न्यूज**
**सुर्खेत**



मध्यपश्चिम विश्वविद्यालयले तत्काल रोजगारीको खोजी गर्न बजारमा जाने विद्यार्थीहरुका लागि सेमेष्टर नलम्ब्याउने निर्णय गरिएको जनाएको छ । विश्वविद्यालयले आठौं सेमेष्टर मंसिर महिनाभित्रै सक्ने निर्णय यसअघि नै गरिसकेको छ । सातौं सेमेष्टरको अन्तिम परीक्षा असोज १६ गतेदेखि कात्तिक ६ गतेसम्म छ । तर, आठौं समेष्टर मंसिर महिनामै सक्ने निर्णय विश्वविद्यालयले गरेको छ । परीक्षा व्यवस्थापन कार्यालय प्रमुख आनन्दप्रसाद सुवेदीले भने विज्ञप्ति जारी गरी एक महिनामै सेमेष्टर सक्ने योजना नबनाइएको प्रस्ट्याएका छन् । विद्यार्थीको सेमेष्टर अपग्रेट भइसकेको र आठौं सेमेष्टरमा सैद्धान्तिकभन्दा प्रयोगात्मक विषय धेरै रहेको विज्ञप्तिमार्फत जानकारी गराइएको छ ।

विज्ञप्तिमा लेखिएको छ, 'यसभन्दा अगाडि नै विद्यार्थीको सेमेष्टर अपग्रेड गरिसकेको र स्नातक र स्नातकोत्तर तह उत्तीर्ण गरी तत्काल रोजगारीको खोजी गर्न बजारमा जाने विद्यार्थीहरुको लागि सेमेष्टर नलम्बाई निर्धारित शैक्षिक वर्षभित्र परीक्षा सन्चालन गर्न मप विश्वविद्यालयको मिति २०७७ भाद्र २५ गतेको निर्णयअनुसार २०२० डिसेम्बरभित्र विद्यार्थीको परीक्षा सम्पन्न गरिसक्नुपर्ने भएकोले उक्त सूचना जारी गरिएको हो ।' साथै विश्वविद्यालयले कर्णाली प्रदेशको भौगोलिक विकटता र मौलिक तथा र चनात्मक उत्तर लेख्नुपर्ने खालको प्रश्नपत्रको ढाँचा भएकाले परीक्षाको समय अवधि आठ घण्टा तोकिएको जनाएको छ ।

मध्यपश्चिम विश्वविद्यालय सुर्खेतको परीक्षा सम्बन्धी निर्देशिकामा उल्लेख भएअनुसार इन्जिनियरिङतर्फ सातौं सेमेष्टरको ६० पूर्णाङ्कको अन्तिम परीक्षा बिहान ८ बजेबाट सुरु हुने र अपराह्न ४ बजेभित्र उत्तरपुस्तिका बुझाइसक्नुपर्ने छ । ६० पूर्णाङ्कको सो परीक्षामा १० नम्बरको बहुबस्तुगत प्रश्नसमेत समाबेस हुन्छ । विद्यार्थीको उत्तर पुस्तिका हस्तलिखित हुनुपर्ने व्यवस्था गरि एको छ ।

विश्वविद्यालयले अहिले आठ(आठ घण्टा परीक्षा समय तोकेर चिट चोर्न अनुकूल बनाइदिएको र प्रयोगात्मक परीक्षा नै नगराई जथाभावी अंक दिएर आठौं सेमेष्टर पनि सकाउने प्रपन्च र चिएको भन्दै नेपाल इन्जिनियर्स एशोसियसनको यसअघि ध्यानाकर्षण गराइएको छ । तर विश्वविद्यालयले परीक्षाको विश्वसनीयतामा कुनै आँच नआउने जनाएको छ ।

## पीडितको सम्झनामा गीत

**कालिकोट**-बाढीपहिरो पीडितको सम्झनामा गीत सार्वजनिक गरिएको छ । निरन्तरको वर्षापछि आएको बाढी पहिरोमा परेर अकालमा ज्यान गुमाएका कालिकोटका ५१ जनाको सम्झनामा गीत बनेको छ। 'नेकपा' कालिकोटका नेता एवं सर्जक चित्र सिंह (गाउँले) को शब्द रचना तथा गायक रमेश कठायत (झलक) को संगीतमा तयार पारिएको 'आँसु झर्छ' बालेको गीत बजार मा आएको छ । गीतमा बाढी पहिरोमा परी ज्यान गुमाएका व्यक्तिहरुको सम्झना गरिएको छ। उक्त गीतमा चर्चित गायिका रेखा जोशी र रमेशको स्वर रहेको छ ।

रमेश कठायतकै निर्देशनमा तयार पारिएको गीतमा वर्षा भण्डारा, रमेश कठायत र रुवि श्रेष्ठको अभिनय रहेको छ । जिल्लाका विभिन्न स्थानमा गत असारदेखि भदौ महिनासम्म गएको बाढी पहिरोमा परेर ४८ जनाले अकालमा ज्यान गुमाउनु परेको थियो भने , तीन जना अझै बेपत्ता छन ।बाढि पहिरोले ठूलो धनजनको क्षती भएको थियो ।

## हुम्ला प्रवेशमा निषेध

**हुम्ला**- लामो समय कोभिड-१९ को संक्रमित संख्या शुन्यमा रहेर ग्रीन जोनका रुपमा रहेको हुम्ला जिल्लामा पनि कोराना सक्रमण पुष्टी भएपछि हवाई र स्थलमार्ग हुदै जिल्ला भित्रिने यात्रुले अनिवार्य पीसीआर परिक्षण गर्नुपर्ने भएको छ । पीसीआर परिक्षण रिर्पोट नेगेटिभ आएपछि मात्रै जिल्ला भित्रिन पाउने डिसि एम सी हुम्लाले निर्णय गरेको छ । सर्केगाड गाउँपालिका-५ की २१ वर्षीय किशोरीलाई कोभिड १९ को पुष्टी भएपछि डिसि एम सी बैठकले यस्तो निर्णय गर ेको हो ।

सहायक प्रमुख जिल्ला अकिधकारी दत्तराज हमालको नेतृत्वमा बसेको डिसि एम सी बैठकले पिसीआर रिर्पोट बिना जिल्ला भित्रिन नपाउने जानकारी दिएको छ । आईतबार बसेको डिसी एम सीको आपतकालिन बैठकले कोभिड(१९ को पुष्टी भएसँगै जिल्ला प्रहरी कार्यालय हुम्लाले कन्टयाक टेसिङ गरी सचेत र सजक रहन आग्रह गरेको छ । प्रहरी,प्रशासन, र स्थानीय तहले समयमै ध्यान नदिदा हुम्ला जिल्ला पनि अछुतो नरहेको सरोकारवालाले गुनासो गर्न थालेका छन् । कोभिड-१९ को सङ्क्रमणबाट बच्न ु जिल्लाका सबै स्थानीय तहले सचेतनामा जोड दिएका छन् ।

कोरोना भाइरस श्वासप्रश्वास, हात मिलाउँदा, नजिकै बस्दा, हिँडडुल गर्दा, बोल्दासमेत हावाका माध्यमबाट सर्ने हुँदा यस्ता क्रियाकलापमा सजग हुन स्थानीय तहले आह्वान गरेको छ । भाइर सबाट बच्न संयमित भई सतर्कता अपनाउन आग्रह गरेको जिल्ला प्रशासन कार्यालय हुम्लाले जनाएको छ ।

# सम्पादकीय...

## सामाजिक कुरीतिको जालो हटाउँ

समाजमा विद्यमान मूल्य प्रणाली र परिवर्तित अर्थ सामाजिक आधारबीच निरन्तर संघर्ष चलिरहन्छ। विद्यमान मूल्य प्रणालीको आधार पनि समाजका वर्ग हुन् र सत्तारुढ या शक्ति सम्बन्धमा माथि परेको वर्गका विचार हुन् । यस्तो सामाजिक मूल्य या समाजलाई नियन्त्रण-निर्देशन गर्ने, व्यक्तिको आचारण व्यवहार र परिवार-परिवारबीचको सम्बन्धको निर्क्योल गरिदिने काममा यस्तो मूल्य प्रणालीको महत्वपूर्ण भूमिका हुन्छ। समाजमा यस्तो मूल्य प्रणालीको पुस्तान्तरण र पुनरुत्पादन पनि भइरहन्छ। यसले समाजमा कुरीति र अन्धविश्वासजन्य विषय पनि पुनरुत्पादन गरिरहन्छ। नेपाली समाजमा बोक्सीप्रथा, झाँक्री परम्परा, छाउपडी, दाइजो, परिवारमा सदस्यबीच हुने उँचनिचको सम्बन्ध, समाजमा सामाजिक वर्गहरू र विशेषगरी नेपालको सन्दर्भमा दलित गैरदलितबीचका विभेदकारी सम्बन्ध तथा महिला र पुरुषबीचको असमान सम्बन्ध यस्तै मूल्य प्रणालीका उपज हुन्। यस्तो मूल्य प्रणाली मध्ययुगीन सामन्तवादी अर्थ सामाजिक व्यवस्थाका उपज भए पनि तिनको यो लोकतान्त्रिक प्रणालीमा पनि निरन्तर पुनरुत्पादन भइरहेको छ। सबैभन्दा मुस्किलको कुरो भने ठूलठूला राजनीतिक आन्दोलन र क्रान्तिको नेतृत्व गर्ने र ाजनीतिक दल र तिनका गाउँ-गाउँसम्म फैलिएका सम्पर्क सञ्जालहरू केन्द्रीय राज्य प्रणालीबाट सामन्तवादलाई बिदा गर्न त तयार भए, तर समाजको पिँधमा रहेको यसको जरा र गुँड भत्काउन तयार भएनन्। प्रकारान्तरले राजनीतिक दलहरू र राज्यसत्ताका विभिन्न अंगले नै यस्तो मूल्य प्रणालीका विकृत परम्परा जोगाउन भूमिका खेलेका छन्। गएका केही महिनामा नेपालका विभिन्न भागमा भएका बोक्सीसम्बन्धी घटना र त्यसमा राज्यसंयन्त्र अर्थात् प्रहरी न्यायालय र राजनीतिक नेतृत्वले खेलेको भूमिका हेर्दा देखिने चित्र पनि यही हो।

यस सम्बन्धमा गाउँ समाज या स्थानीय परम्परामा आधारित समाजका अगुवा, पञ्चायतीजस्ता संस्थाहरूसमेत समाजको विकृत मूल्य-परम्परा र दमनकारी शक्ति सम्बन्धका स्रोत बनेर समाजको उदारवादी पुनर्संरचनामा बाधक बनिरहेका पाइन्छन्। यिनले कतिपय सन्दर्भमा राज्यले दिएका अधिकार उपभोग गर्नबाट कमजोर वर्गलाई रोकिरहेको र कतिपय सन्दर्भमा स्थानीय राजनीतिक नेतृत्वको आड र स्थानीय प्रशासनको प्रहुँच प्रयोग गरेर यस्तो मूल्य प्रणालीलाई कानुनभन्दा माथि राख्न सक्रिय भूमिका खेलिर हेकोसमेत पाइन्छ। हालै सिराहा जिल्लाको नवराजपुर गाउँपालिका कुर्सन्डीको शिवमन्दिर मा राति जम्मा भएका गाउँले या पञ्चायतीमा बसेकाले स्थानीय मूर्तिदेवी यादवलाई बोक्सी घोषणा गर्दै कुटपिट गर्नुका साथै मलमूत्रसमेत खुवाएको समाचार आयो। यसमा

## प्रवेश गराउन होडबाजी

मिसन न्यूज

कालिकोट

कालिकोटको तिलागुफा नगरपालिका वडा नं - ११ मा आज नेपाली काँग्रेस लगाएत विभिन्न पार्टी परित्याग गरी १ सय ५ जनाले नेपाल कम्युनिस्ट पार्टी(नेकपा)मा प्रवेश गरेका छन्। सो पार्टीद्वारा आज ढिन्नीया गाउँमा आयोजित वडा कमिटीको कार्यालय उद्घाटन तथा पार्टी प्रवेश समारोहमा उनीहरूले (नेकपा) प्रवेश गरेका हुन् । नेकपा प्रवेश गर्नेहरुमा नेपाली काँग्रेसका जिम्मेवार कार्यकर्ता धनराज शाही,मानबहादुर शाही लगाएत ४४ जना,विप्लव नेकपा जिल्ला कमिटी सदस्य जयबहादुर शाही (निर्माण) लगाएत २३ जना,नेमकिपा जिल्ला कमिटी सदस्य कुम्भ बहादुर शाही लगाएत १७ जना,राप्रपाका वडा कार्य समिति अध्यक्ष बहादुर शाही र राप्रविसंघ का केन्द्रीय सदस्य हस्त बहादुर शाही लगाएत ९ जना र स्वतन्त्र का साथै अखण्ड नेपालका समेत गरी सबै पार्टी बाट जम्मा १ सय ५ जना रहेका छन् । वडा कमिटी अध्यक्ष खडकबहादुर राना (बसन्त) को अध्यक्ष र नेकपा प्रदेश कमिटी सदस्य गंगा खड्का ( विरोध)को प्रमुख आतिथ्यताको साथै कालिकोट जिल्ला कमिटीका नेताहरु चित्रसिंह गाउँले,दिनेश चदाँर ा,रतनबहादुर शाही र ऐन बहादुर शाहीको विशेष आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमका वक्ता नेताहरुले कालिकोट जिल्ला भर नेपाली काँग्रेस लगाएत बिभिन्न पार्टी प्रवेश गरेर (नेकपा)मा प्रवेशको लहर चलिरहेको दाबी गर्नु भएको थियो । नेकपाले लिएको सुखी नेपाली र समृद्ध नेपालको लक्ष्यलाई सार्थकता दिन साह्रा नेपालीहरुले आफ्नो पार्टी लाई साथ दिनुको विकल्प नरहेको उहाँहरुको धारणा थियो । नेपाली कांग्रेसले पनि जिल्लामा नकेपाका कार्यकर्ता व्यापक गरि प्रवेश गराएको छ । अबको चुनावमा हात पार्ने गरि तयारी भएको एक नेताले बताए ।






### जनचेतना मुलक सन्देश

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**

**कालिकोट**

### प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**

**कालिकोट**

### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**

**कर्णाली प्रदेश,नेपाल**

# कोरोना भाईरसको महामारीमा पनि रोकिएन मानब बेचबिखन




साबित्री गिरी

बाँके जिल्लाका दुई जना बालिकालाई बिदाको मौका छोपी काठमाण्डौ स्थित एक होटलमा पुर्‍याईयो । रोजगार दिने बाहनामा घरमा कसैलाई नभन्नु भन्दै एक महिलाले काठमाण्डौ पुराएपछि घटना बाहिर आएको हो । अहिले यस घटनाको मुद्धा चलिरहेको भएतापनि होटल सञ्चालक महिला मात्र पक्राउ परेको अवस्था छ । घटनाका मूख्य योजनाकार महिला भने फरार छीन । अर्को घटना पनि बाकेमै घटेको छ । एक किशोरीलाई मायाको नाटक गरी भारतमा राम्रो काम लगाईदिन्छु भन्दै लैजाने क्रममा प्रहरीले शंका लागी सोधपूछ गर्दा २४ बर्षीय किशोरी बेचिन बाट जोगिन सकिन । तर घटनाका मूख्य योजनाकार ति किशोरीको साथमा नहुदाँ पक्राउ पर्न सकेनन । जमुनाहा नाकामा प्रहरीले सोधपुध गर्ने क्रममा यो घटना सार्बजनिक भएको हो । कोरोना भाईरसको महामारीको समयमा घटेका यी दुई वटा प्रतिनिधि मुलक घटना मात्र हुन ।

यो अवधिमा आन्तरिक रुपमा मानव बेचबिखन बढ्दै गएकोले मानव बेचबिखनको जालो निर्मूल पार्न चुनौति थपिएको मानव बेचबिखन बिरुद्ध क्रियाशिल संस्था माईती नेपाल नेपालगंजका प्रमूख केशब कोईरालाले बताउनुभयो । उहाँका अनूसार एक बर्षको अवधिमा जोखिम पूर्ण यात्रामा रहेका ५७७ जनालाई नेपाल भारत सिमाना जमुनाहा नाकाबाट उद्धार गरिएको छ ।

वैदेशिक रोजगार र शैक्षिक, झूठो विवाह, मनोरञ्जन, मानव अंग बेचबिखन, गर्भाशयको बेचबिखन जस्ता डरलाग्दा स्वरुपहरु पछिल्लो समयमा देखिन थालेका छन । यो बन्दा बन्दीको समयमा मात्र तिन जनालाई उद्धार गरिएको छ । खोज तलास तथा उद्धारका लागि परेका निवेदन मध्ये दुई बालिका र एक किशोरलाई उद्धार गरिएको हो । हाल सम्मको अवधिमा खोज तलास तथा उद्धारका लागि ३ दजर्न बढी निवेदन परेको माईती नेपाल नेपालगंजका प्रमूख कोईरालाले बताएका छन् । बेचबिखनमा पारिएका महिला तथा बालबालिकाहरूको उमेर ७ देखि २४ वर्ष र औसत उमेर १६ वर्ष रहेको पाइएको छ । विगत २ वर्षमा १५००० भन्दा बढिको संख्यामा महिला तथा बालबालिकाको बेचविखन भएको छ । क्वीइ को र्यापिड एसेसमेन्ट (२००१) अनुसार प्रत्येक वर्ष १२००० महिला तथा बालबालिकाहरू बेचबिखनमा पारिन्छन। वैदेशिक रोजगार र शैक्षिक, झूठो विवाह, मनोरञ्जन, मानव अंग बेचबिखन, गर्भाशयको बेचबिखन जस्ता डरलाग्दा स्वरुपहरु पछिल्लो समयमा देखिन थालेका छन । मानव बेचविखन तथा ओसार पसार विरुद्धको १४ औ राष्ट्रिय दिवस र अबको गन्तब्य ?

संयुक्त राष्ट्र संघका अनूसार दासता, बाध्यात्मक श्रम (बधुवा मजदूरी वा ऋणी बनाइएको श्रम लगायत) र दासतापूर्ण व्यवहारका लागि कुनै पनि व्यक्तिलाई डर, धाक देखाइ, जालझेल गरी वा शक्ति,पदको दुरुपयोग गरी काममा लगाउनु,ओसारपसार गर्नु, एक ठाउबाट अर्को ठाउमा लैजानका लागि सहयोग गर्नु वा आश्रय दिनु वा अरुद्वारा त्यस्तो कामको निम्ती सहयोग प्राप्त गर्नु बेचबिखन हो ।

जनचेतनाको अभाव ,लैङ्गिक विभेद ,घरेलु हिंसा ,नेपाल र भारत बिचको खुल्ला सिमाना ,असुरक्षीत बसाई सराई ,अशिक्षा आदिका कारण मानव बेचबिखन भईरहेको छ । यस बर्षको मानव वेखिवन तथा ओसार पसार विरुद्धको १४ औ राष्ट्रिय दिवस २०७७ को नारा मानव वेखिवन तथा ओसार पसको अन्त्यः सुसंस्कृत ,सभ्य समाज र सामाजिक रुपान्तरण अबको गन्तब्यू भनेर राखिएको छ । साच्चिकै हामिले सोचे जस्तो बातावरण निर्माणका लागि के गर्न जरुरी छ भन्ने कुराको निर्क्योल अब गर्ने पर्ने हुन्छ । हामिले परिकल्पना गरेका सुसंस्कृत ,सभ्य समाज र सामाजिक रुपान्तरणलाई यसरी चर्चा गर्न सकिन्छ । सूसंस्कृत ,सभ्य समाज : वास्तवमा, सूसंस्कृत र सभ्य समाज भनेको कुनै पनि सामाजिक विकृति नभएको र सबै मानिस चेतनशील भएको एवम् मर्यादित समाज हो । असभ्य समाजलाई सभ्य पार्नु नै आजको आवश्यकता र चुनौती हो । समाजमा रहेका आन्तरिक समस्या, हिंसा, चोरी, डकैती, दुष्कर्म, बलात्कारजस्ता कामलाई उन्मूलन गरी यसलाई निर्मूल पार्नु नै आजको आवश्यकता हो । नैतिक आचरण सुधार गरेपछि नै मानव बेचखिन जस्ता जघन्य अपराध कम हुदै जानेछन ।

सामाजिक रुपान्तरण : सामाजिक रुपान्तरण सामाजिक विकासका लागि अपरिहार्य छ । यसले सामाजिक मूल्य मान्यता, चिन्तन, आचरण, प्रवृति, सामाजिक संरचना र सम्बन्धमा सामयिक परिवर्तन ल्याउँछ । यो परिवर्तनले मानिसलाई सामाजीक बनाउछ र मानव बेचबिखन जस्तो जघन्य अपराध गर्दैन भन्ने मानसिकताले यस बर्षको दिवसमा यो शब्द अटाएको हुनुपर्छ । किनभने सामाजिक सोच, विचार, चिन्तन र व्यवहार गतिशील प्रक्रिया हो । लेखपढ गर्ने उमेरका धेरै बालबालिकाहरु कसैको घरमा घरेलु कामदार भएर कठोर श्रम गर्नुको साथै हारिरीक र मानसिक दवाबका सिकार भएका छन् । हाम्रो अबको अग्रगामी सोच सामाजिक रुपान्तरणका लागि हुनुपर्दछ । यसका लागि गैरसरकारी संस्था ,सञ्चार संस्था तथा नागरिक समाज बिच समन्वय हुनुपर्छ । अन्त्यमा , (आई .एल ओ) को सन् २००१ को प्रतिवेदन अनुसार वर्सेनी १० देखि १२ हजार नेपाली बालबालिका तथा महिला हरुबेचबिखन हुदै आएका छन् ।

बेचबिखनको यस्तो कहाली लाग्दो यथार्थता एकातर्फ छ भने अर्को तर्फ हाम्रो घर परिवार र समाजमा बालबालिका तथा महिलाहरुले भोग्नु पर्ने असमानता, दुर्व्यवहार तथा होषणको स्थिती दयनिय छ । हजारौ चेलिबेटिहरु पारिवारिक र सामाजिक हिंसाको शिकार भएर तथा घरपरिवार बाट तिरस्कृत भई बिचल्ली र विक्षिप्त परिस्थितीमा बांच्न विवश छन् । साथै असंख्य बालबालिकाहरु डिकमा जोखिमपुर्ण जीवन बांच्न बाध्य भएका छन् । लेखपढ गर्ने उमेरका धेरै बालबालिकाहरु कसैको घरमा घरेलु कामदार भएर कठोर श्रम गर्नुको साथै हारिरीक र मानसिक दवाबका सिकार भएका छन् ।

लेख्ने पढ्ने त धेरै टाढाको कुरा, पेटभरि खाना र सामान्य औषधी उपचार गर्न समेत नपाएर कलिलो उमेरमा ज्यान गुमाउने बालबालिका हरुको संख्या पनि कम छैन । बालबालिका तथा महिलाहरु घर-घरमा हेपिएका, पिटिएका र पिल्सिएका छन् । उनीहरुको मन स्वाभिमान र सम्मानलाई मिचिएको र कुल्चिएको छ । कथित सामाजिक तथा रीतिका नाममा महिलालाई बलि चढाउने चलन यद्यपी हाम्रो समाज भित्रै छ । जुन कोण बाट हेरे पनि बालबालिका तथा महिलाको अवस्था नाजुक छ । त्यसैले अब हामीले गर्ने जनचेतनाको कार्यक्रमको पनि स्तर बृद्धि गर्नुपर्छ । किनभने हामिले गरीरहेको प्रयास भन्दा एक चरण अगाडि बेचबिखन गर्ने गिरोह छ । किनभने आफन्तबाटै बेचिएर उद्धार गरी ल्याइएका मध्ये पनि अधिकांशले प्रहरीमा उजुरी दिन सक्दैनन् यस्तो अवस्थामा कानुनी बाटा बुझाएर यस्ता घटना बाहिर ल्याउनु पर्छ ।


तसर्थ यस्ता घटना न्यूनीकरणको मुख्य उपाय भनेको जनचेतना नै हो। यस्ता विषयमा जनचेतना जगाउन स्थानीय स्तरमै तालिम सञ्चालन गर्ने र यस्ता तालिममा सहभागीहरूको सञ्जाल नै बनाएर एक ठाउबाट अर्को ठाउमा सूचना प्रवाह गर्न सकिन्छ। अबका दिनमा यो बर्षको नाराजस्तै सुसंस्कृत ,सभ्य समाज निर्माण गर्दा तिनै तहका सरकार लागी पर्नुपर्छ । अनि आम नागरिकहरुले पनि यो योजनामा साथ दिनुपर्छ । मानव बेचबिखन गर्ने दलालहरुलाई कानूनी दायरामा ल्याउन सहयोग गर्नुपर्छ । किनभने यो महामारीको बेला त्यस्ता गिरोहहरुले हाम्रै घरआँगनमा हाम्रै चेलीबेटिलाई मात्र होईन बालबालिकाई समेत बेचिरहेका छन । त्यसैले प्रत्येक ब्यत्ति तथा समूदायले सचेतता अपनाउन जरुरी छ ।

यतिमात्र होईन समाजमा व्याप्त आर्थिक समस्यालाई हल गर्दे जानुपर्ने अर्को पाटो छ । यसतर्फ पनि ध्यान पुर्‍याउन नसक्ने हो भने जति नै योजना बनाए पनि सफल नहुने निश्चित छ । अब सबै पाटो केलाएर बृहत योजना तथा कार्यक्रम बनाई कार्यान्वियन गर्नुपर्छ । मानव वेचविखनका यस्ताखाले उदाहरण थप्रै भए पनि राज्यको प्रत्यक्ष निगरानी फितलो देखिएको छ । नेपालगंज त एक उदाहरणको रुपमा मा लिन सकिन्छ । यस्तै देशको विभिन्न नाकामामा सरकारले गम्भिर भएर उच्च निगरानी गर्न जरुरी छ । कारोना कहर को विचमा मनव तस्कर पनि सकृय भएका छन् । सवै क्षेत्रले बालवालिका वेचविखनमा विशेष ध्यान दिन जरुरी छ । दैनिक नेपालगंजबाट साभार ।

# प्रजिअलाई मुख्यमन्त्रीको निर्देशन

मिसन न्यूज
सुर्खेत






कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रवहादुर शाहीलाई कोरोना भाईरस कोभिड-१९ को नियन्त्रण, रोकथाम र विपद प्रतिकार्यको काम सक्रियतापुर्वक गर्न निर्देशन दिएका छन्। मुख्यमन्त्री शाहीले कर्णाली प्रदेशका सवै प्रमुख जिल्ला अधिकारीसंग भर्चुअल वैठकको आयोजना गरी यस्तो निर्देशन दिनुभएको हो। नागरिकको जीउँधनको सुरक्षा गर्ने दायित्व राज्यको भएको भन्दै मुख्यमन्त्री शाहीले उनीहरुको जीउधनमा क्षति पुगेमा राज्यले जवाफ दिनुपर्ने बताएका छन्। पछिल्लो वेला लक्षण सहितको संक्रमण वढेको वताउदै सतर्कता अझै वढाउनुपर्ने उनको भनाई छ।

कर्णालीमा वृद्धवृद्धा, दम तथा दीर्घरोगीहरुको संख्या धेरै रहेको वताउदै मुख्यमन्त्री शाहीले लक्षण सहितको संक्रमण समुदायमा पुगेमा मृत्यूदर वढन सक्ने चिन्ता व्यक्त गरेका छन्। संक्रमण रोकथाम तथा नियन्त्रणका लागि प्रदेश सरकार ले कर्णालीमा प्रवेश गर्नेहरुसंग अनिवार्य पिसिआर रिपोर्ट माग गर्ने निर्णय गरेको वताउदै निर्णयको कडाईपूर्वक कार्यान्वयन गराउन मुख्यमन्त्री शाहीले निर्देशन दिएका हुन्। मेलापर्वको समय शुरु भएको वताउदै मुख्यमन्त्री शाहीले जिल्लामा कुनै पनि मेला, महोत्सव, भेला, तथा राजनीतिक भेला, वैठक र भिडभाड हुने गतिविधि पनि कडाईपुर्वक रोक्न निर्देशन दिनुभयो। जिल्ला विपद व्यवस्थापन केन्द्र डिसिएमसी वैठकवाट स्थानीय तह र प्रदेश सरकारसंग समन्वय गरेर हरेक नागरिकलाई अनिवार्य मास्क लगाउने व्यवस्था मिलाउनुपर्ने उनले बताएका छन्।

प्रदेश सरकारले जिल्ला अस्पत्तालहरुमा अक्सीजन, कम्तीमा एउटा भेन्टीलेटर र ५ देखि ७ वटा आईसीयू वेड व्यवस्था गर्न लागेको जानकारी दिएका छन्।

वर्षायामका कारण वाढी, पहिरोजस्ता प्राकृतिक विपदवाट क्षति वढेको तर्फ चिन्ता व्यक्त गर्दै मुख्यमन्त्री शाहीले उद्धार, उपचार, राहात तथा पुनर्स्थापनाका कामलाई प्रभावकारी वनाउन प्रमुख जिल्ला अधिकारीहरुलाई निर्देशन गर्नुभयो। समन्वयको अभावले विपद पश्चात उद्धार र उपचारको काम प्रभावकारी नभएको तर्फ ध्यानाकर्षण गराउदै मुख्यमन्त्री शाहीले विपदले पुर्याएका क्षति तथा घाइतेहरुका अवस्थाको वारेमा तत्काल रिपोर्टीङ्ग गर्नुपर्नेमा जोड दिएका छन्। कर्णाली प्रदेशका १० वटै जिल्लामा प्रमुख जिल्ला अधिकारीले विशेष भुमिका निर्वाह गर्नुपर्नेमा समेत जोड दिइएको छ। कोरोना भाइरसले कर्णालीमा झन ठुलो रुप लिएपछि कर्णाली प्रदेशका दश वटै जिल्लामा उच्च निगरानी बढेको छ। कर्णालीका सिमा क्षेत्र र सवै जिल्लामा उच्च सतकर्ता अपनाइएको छ।

## प्रकोप नियन्त्रणको सूचना


**मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

## सर्म्पुणमा अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।**

**महावै गाउँपालिकाको कार्यालय**
**कालिकोट**






# पर्यटकिय गन्तव्य बन्दै दुधेदह



**मिसन न्यूज**
**हुम्ला**

खार्पुनाथ गाउँपालिका वडा नम्बर २ र ३ मा पर्ने दुधेदह ताल प्रचारप्रसार अभावले ओझेल परेको छ । विशेषगरी छोटो यात्रामै उत्कृष्ट पर्यटकीय गन्तव्यको स्वाद लिन चाहनेहरूका लागि रायाँ र थालीगाउँबीचको दुधेदह उपयुक्त हुने गरेको छ । दुधेदहलाई सरकारले नयाँ सय पर्यटकीय गन्तव्यको सूचीमा समेत छनोट गरेको छ। तर, आवश्यक प्रचारप्रसार अभावमा यो दह जिल्लाभित्रै पनि गुमनाम छ।

स्थानीयस्तरमा भने कोही मानिस मरेमा पवित्र तीर्थस्थल दुधेदह पुगेर पाप कटाउने गरेको खार्पुनाथ गाउँपालिका(२ का नवराज छन्त्यालले बताए। तर यो स्थनामा जाने सहज बाटो नहुँदा निकै कठिन हुने छन्त्यालको भनाइ छ। हुन त दुधेदह मात्रै होइन हुम्लाका अन्य पर्यटकीय स्थलले पनि आवश्यक प्रचारप्रसार पाएका छैनन् । पर्यटकीय गन्तव्य विकासमा स्थानीय तह र प्रदेश सरकारबीच सहकार्य नहुँदा प्रचुर सम्भावना बोकेका हुम्लाका पर्यटकीय गन्तव्य ओझेलमा परेको टच कैलाश टूभल्स एजेन्सीका क्षेत्रीय प्रबन्धक विष्णु रावतले दुखेसो गरे। करिब पाँच हजार मिटर उचाइमा रहेको दुधेदह ताल पदयात्राका क्रममा यहाँ पाइने विभिन्न किसिमका जडीबुटी, फुल्ने अनौठा र सुन्दर फूल अर्को आकर्षण भएको उनले बताए।

**जडीबुटीको केन्द्र**

दुधेदह ताल क्षेत्र कटुकी, जटामासी, सुगन्धवाल, पाँच औले, सेन्टाइनोजस्ता जडीबुटीको भण्डार पनि हो। तर, पहिचान नहुँदा अझै भर्जिन क्षेत्रको रूपमा रहेको छ । हिमाली भेगमा पाइने बुकी प्रजातीको घाँस, विभिन्न थरीका फूलले यहाँ पुग्ने पर्यटकको मनै लोभ्याउँछ।

**घुम्ने उपयुक्त समय**

बाँकी ८ पेजमा.....

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

**क्षयरोग (टि.बी.) का लक्षणहरु**

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।
२. साझँ पख सधै ज्वरो आउनु ।
३. खाना खान मन नलाग्नु ।
४. तौल (वजन) घट्नु ।
५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔ ।

**नरहरीनाथ गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**हाम्रो सन्देश**

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

# चोक्टे बगर पहिरोको जोखिम

मिसन न्यूज
कालिकोट

रास्कोट नगरपालिका १ चोट्केबगर पहिरोको उच्च जोखिममा रहेको छ । पहिरोको त्रासले स्थानीयलाई निकै हरानी पारेको छ । स्थानीय खिचातानीले चोट्केबगर बासीको अन्यत्र सर्ने सपना अधुरै छ । आर्थिक अवस्था सबल भएकाहरु तराईमा जमिन किनेर सरिसके । गरिब र दलित समुदायका नागरिक भने पहिरोको जोखिम मोलेरै बस्न बाध्य छन् । पछिल्लो



नमराज शाही प्रत्येक वर्ष नयाँ घर बनाएर सर्छन् । नयाँ घर फेरि पनि पहिरोले बगाउँछ । ‘बस्ती नै पहिरोको जोखिममा छ, कति पटक घर बनाउनु ? ’ उनले भने । चोट्केबगरका २५ घर बढी अहिले पनि पहिरोको उच्च जोखिममा रहेको स्थानीय धनगिरी शाहीले बताए ।

स्थानीय धिर टमटा भन्छन,‘वर्षात्को समयमा लगातार आइरहने पहिरोले कतिखेर घर,खेत बगाउँछ, थाहा हुँदैन । हरेक वर्षात्मा अनिदो रात काट्नु पर्छ ।’ उनले पहिरोले जमिन भासिएपछि गाउँघरका घर बांगा भएको बताए । तुसारखोलाले गर्दा चोट्के बगरमा २०७० सालमा पहिरो खसेको थियो । त्यसपछि पन्मारामा बाढि आउँदा पहिरोले हरेक वर्ष क्षति पुऱ्याउँदै आएको छ । उतिबेला पनी पाँच जनाको ज्यान गएको थियो ,उतिबेला बस्तीलाई स्थानान्तरण गर्नुपर्ने भन्दै जिल्ला विकास समितिमा पनी कुरा चलेको थियो । तर राजनीतिक समय पहिरोले विकराल रुप लिन थालेको स्थानीवासी गिरी शाहीले बताए । साउन १३ गतेराती आएको बाढिले आफुहरु बाच्न सफल भयौं, तर, तल नदि छ, माथीबाट ठुलो बाढिले एक घर बगायो, दुई जनाको ज्यान गयो, अझैपनी पानि आइरहेको बेला राति निन्द्रा लाग्दैन, कतिवेला बाढिले लग्दिने हो, भगवान भरोसामा बाचिरहेका छौँ । गाउँनै पुरै पहिरोको चपेटामा परेकाले वर्षातको समयमा सेताम्य देखिन्छ। खानेपानीका मुहानसमेत पहिरोले बगाएपछि स्थानीयवासी खोलाको दुषित पानी पिउन बाध्य छन् । ‘दिनभर मजदुरी गरेर कमाएको गाँस पनि सुखले खान पाइँदैन’ पहिरो पिडित टके टमटाले दुखेसो गरे। ‘गरिब, समस्यामा परेका नागरिकका लागि सरकारले सहयोग गर्छ भन्थे तर हाम्रा लागि कसैले केही गर्दैन।’अहिले तुसार खोलाको पहिरोले गैरगाउँ, चोट्केबगर र मालझुलका ‘४५ भन्दा बढी घर पहिरोको जोखिममा छन् ।’


## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।
२. साझँ पख सधै ज्वरो आउनु ।
३. खाना खान मन नलाग्नु ।
४. तौल(वजन) घट्नु ।
५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीबुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# प्रदर्शन नगर्न कुलमानको आग्रह

मिसन न्यूज
काठमाडौं

नेपाल विद्युत प्राधिकरणका निवर्तमान कार्यकारी निर्देशक कुलमान घिसिङले आफ्नो पक्षमा प्रदर्शन नगरिदिन सबैलाई आग्रह गरेका छन् । कुलमानलाई प्राधिकरणमा पुनःनियुक्तिको माग गर्दै काठमाडौं उपत्यकासहित देशका बिभिन्न स्थानमा प्रदर्शन हुँदै आएका छन् । स्वतःस्फूर्त सडकमा उत्रिएका कुलमानका समर्थकहरुलाई प्रहरीले दमनसमेत गर्दै आएको छ । आफ्नो पक्षमा हुँदै आएको प्रदर्शनप्रति गम्भीर ध्यानाकर्षण भएको कुलमानले बताएका छन् । उनले आज शनिबार विज्ञप्ति जारी गर्दै भनेका छन्, 'नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकमा मेरो पुनर्नियुक्तिको माग गर्दै केही दिनदेखि संघीय र ाजधानी काठमाडौं उपत्यकासहित देशका विभिन्न ठाउँमा भइरहेको प्रदर्शनप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ ।' कुलमानले जारी गरेको विज्ञप्तिमा थप लेखिएको छ, 'विश्वव्यापी रुपमा फैलिएको कोभिड(१९का कारण नेपाल पनि आक्रान्त भएको बेला मलाई प्राधिकरणको कार्यकारी निर्देशकमा निरन्तरता दिनु पर्ने माग



राखी महामारीको संवेदनशील अवस्थामा सडकमा भिडभाड गरी प्रदर्शन नगरिदिनुहुन सबैलाई हार्दिक अनुरोध गर्दछु ।' सरकारले आफूलाई कार्यकारी निर्देशक नियुक्त गर्दा दिएको जिम्मेवार ी सफलतापूर्वक सम्पन्न गरी चार वर्षे कार्यकाल पूरा गरेको बताउँदै कुलमानले प्राधिकरणको कार्यकारी नेतृत्वको निरन्तरता वा परिवर्तन नियमित एवं स्वाभाविक प्रक्रिया भएकाले यसलाई हामी सबैले आत्मसाथ गर्नुपर्ने बताएका छन् । प्राधिकरणको कार्यकारी निर्देशक नियुक्त गर्ने सम्पूर्ण अधिकार नेपाल सरकारमा निहित भएकाले यस विषयमा उपयुक्त समयमा आवश्यक निर्णय हुने कुलमानले विज्ञप्तिमा उल्लेख गरेका छन् ।

# अस्ट्रेलियामा संक्रमितको संख्या कम

एजेन्सी

अस्ट्रेलियामा पछिल्लो २४ घण्टामा कोरोना भाइरस कोभिड-१९ का नयाँ संक्रमितको संख्या तीन महिनायताकै कम देखिएको छ। कोरोना भाइरसको जुन २६ यताकै सबैभन्दा कम हो । अस्ट्रेलियामा दोस्रो लहर फैलिएको भिक्टोरियाको मेलबर्नमा पछिल्लो २४ घण्टामा १४ नयाँ संक्रमित थपिएका छन् । संक्रमण कम भएसँगै भिक्टोरियाले सामाजिक प्रतिबन्धका नियमहरु



संक्रमण घट्दै गएपछि कोरोना नियन्त्रणका लागि लगाइएको प्रतिबन्ध पनि खुकुलो पार्ने तयारी भइरहेको छ। पछिलो २४ घण्टामा अस्ट्रेलियामा ३९ नयाँ कोरोना संक्रमित फेला परेका हुन्। नयाँ संक्रमितको यो संख्या खुकुलो पार्ने तयारी गरेको छ । लकडाउनको विरुद्धमा मानिसहरुले अहिले भिक्टोरियामा प्रदर्शन पनि गरि रहेका छन्। अधिकारीहरुले उनीहरुलाई धैर्य कायम राख्न आग्रह गरेका छन्।

# साताको भाग्यफल

| | |
|---|---|
| मेष : | विभिन्न अवसर प्राप्त भए पनि कामको मेसो नमिल्दा अलि पछि परिनेछ। अरूका लागि बुद्धि खर्चनुपर्ला। स्वास्थ्य कमजोर रहनेछ। समयको गतिलाई पछ्याउने प्रयास गर्नुहोला। सम्भावना देखिए पनि उपलब्धि हातपार्न बढी श्रम गर्नुपर्ला। |
| वृष : | छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ। हतारको निर्णयले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला। समयमा जुट्न नसक्दा आफ्नो काम रोकिन सक्छ। अरूका लागि उपयोग भइनेछ र बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ। |
| मिथुन : | कर्मयोगले नयाँ मोड लिनेछ भने पुरुषार्थी काम गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। शत्रु परास्त हुनेछन् भने प्रतिस्पर्धीहरू पछि हट्नेछन्। अग्रज तथा सहयोगी जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ। |
| कर्कट : | मिहिनेत परे पनि सोचेको नतिजा हातलागी नहुन सक्छ। आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन्। अध्ययनतर्फ धेरै समय जुट्न नसकिएला। समयमा वचन पुर्याउन नसक्ता आलोचित भइनेछ। द्विविधा बढ्नाले निर्णायक क्षमता कमजोर बन्नेछ। |
| सिंह : | बिछोडिएका परिवारजनसँग भेटघाट हुनाले दिन रमाइलो रहनेछ। नयाँ कामको प्रस्ताव आउनेछ। तर अवसरका साथ केही चुनौती पनि देखा पर्नेछन्। हठात् निर्णय गर्दा समस्या देखिन सक्छ। खानपान र भेटघाटमा सावधानी अपनाउनुहोला। |
| कन्या : | आकस्मिक खर्च बढ्नेछ भने आम्दानीका स्रोत कमजोर हुने समय छ। पछिका लागि लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ। फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला। यात्रा खर्चिलो र कष्टकर बन्न सक्छ। छिमेकमा असमझदारी बढ्नेछ, होसियारीसाथ काम लिनुहोला। |
| तुला : | आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन्। चिताएका काममा अलि बाधा हुनसक्छ। समय लागे पनि मिहिनेत गर्दा काम बनाउन सकिनेछ। विगतका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। तर समयमा सजग नहुँदा आफ्नो लाभांशबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। |
| वृश्चिक : | नयाँ कामले नाम र दाम दिलाउनेछ। कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ। मिहिनेतले सजिलै लक्ष्यमा पुर्याउनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ। |
| धनु : | चुनौतीभित्र अवसर खोज्ने समय छ। पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्न सक्छ। स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। आफ्ना सूचना बाहिरिने समय रहेकाले गोपनीयतामा विशेष ध्यान पुर्याउनुहोला। |
| मकर : | परिस्थितिको चक्रमा अलमलिनुपर्दा काम बन्न समय लाग्नेछ। अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ। चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ला। आकस्मिक समस्याले शरीरमा कमजोरी अनुभूति हुनेछ। चिताएको काम बिग्रनाले निराशा छाउनेछ। |
| कुम्भ : | मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ। अर्थअभावले सताउन सक्छ। लोकाचारका लागि भोगविलासका वस्तु जुटाउनुपर्ला। यात्राको प्रक्रियाले खर्च बढाउन सक्छ। आफन्तबीच आत्मीयतामा कमी आउने समय छ। वादविवादले घर(गृहस्थीमा समस्या निम्त्याउन सक्छ। |
| मीन : | चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्याउनेछ। ईर्ष्या गर्नेहरू स्वयं पछि पर्नेछन् भने कर्मयोगले भविष्यको बाटो समाउनेछ। मिहिनेतले काममा सफलता दिलाउनेछ। समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। |

मिसन न्यूज
www.missionenews.com
२०७७ असोज ७ गते बुधबार | 23 September 2020 Wednesday | अन्तिम पृष्ठ | ८

# कोरोना कहरमा ...........................

मुख्यमन्त्रीले नै कोरोना भाइरसको महामारी विर्षेर कोभिड १९ अस्पतालको उद्धाटन समेत गरेका छन् । २५ जनाभन्दा बढी नागरिक जम्मा हुन नदिने, मास्क, सेनिटाईजर अनिवार्य रुपमा प्रयोग गर्ने सरकारको निर्देशन भएपनि उक्त निर्देशन कर्णालीका मुख्यमन्त्रीले मानेका छैनन् । सुर्खेतबाट १ सय जना भन्दा बढी बोकेर कालीकोट आएका मुख्यमन्त्रीले कालीकोटबाट पनि केही कार्यकतालाई आफुसंगै लिएर जुम्ला गएका छन् ।

जुम्ला अहिले कोरोना संक्रमणको उच्च जोखिममा रहेको छ । जोखिम बढ्दै गएपछि सिल गरिएको जुम्लामा समेत मुख्यमन्त्री शाहीले आफ्ना कार्यकता लिएर घुमघाममा निस्केका हुन् । उसो त प्रेस सल्लाहकारलाई कोरोना संक्रमण हुदैमा मुख्यमन्त्रीलाई हुर्दैन तथापी पनि मुख्यमन्त्रीले कोरोनाबाट बच्चनका लागि अपनाउनुपर्ने सावधानी समेत अपनाउन सकेका छैनन् । आगामी चैत २५ देखि ३० सम्म हुने नेकपाको महाधिवेशनका लागि पनि कर्णाली प्रदेशका मुख्यमन्त्री आफ्नो प्रचार प्रसारका लागि बन्दाबन्दीको उल्लंघन गर्दै कार्यकता भेटघाटमा विभिन्न जिल्लाको भ्रमणमा निस्केको स्थानीय एक नेताले बताए । कोरोना भाइरस संक्रमण हुने डरले जिल्लाका सरकारी कार्यालयले सेवा बन्द गरेको छ, तर, मुख्यमन्त्री शाहीले भने, पाँच सय भन्दा बढिको सहभागितामा औपचार ीक कार्यक्रम गर्दा यहाँका स्थानिय नागरीकहरुले चर्को आलोचना गरेका छन । कोरोना महामार ीको वेला यसरी सरकार प्रमुखले नागरिकको सेवालाई बन्चीत गरी नेता कार्यकता साथमा लिएर भ्मणमा निस्किनु गलत रहेको बताएका छन । कोभिड अपताल उद्घघाटन गर्ने दिनमा स्वास्थ्य सेवा कार्यालयले सवैसेवा बन्द गरी उद्घघाटनमा व्यस्थ रहेका थिए । विकास निर्माणको अनुगमनको न्यूमा कर्णालीमा व्यापक दौडधुप चलेको एक नेताले बताए ।

# पर्यटकिय गन्तव्य...................

दुधेताल र हिमशृंखलाको मनमोहक दृश्य हेर्नका लागि भदौ महिनाको सुरुदेखि मंसिर महिना अन्तसम्म राम्रो समय हो । खार्पुनाथ गाउँपालिका( ३ का पूर्णबहादुर रोकायाका अनुसार जेठ, असार ,साउन महिनामा हुस्सु लाग्ने भएकोले भदौ, असोजदेखि मंसिर उपयुक्त समय हो ।

खार्पुनाथ गाउँपालिका(२ थाली र वडा नम्बर ३ रायाँ गाउँबाट छोटो दूरीमा दुधेदह ताल पुग्न सकिन्छ । तर खार्पुनाथ गाउँपालिकाको लेख, छिप्रा माझगाउँबाट भने अलि टाढा हुन्छ । हिमाली क्षेत्र भएकाले यात्राका वेला खाजा नास्ता र बाक्लो ज्याकेट, टेन्टलगायत सामान बोक्नुपर्दछ । रायाँ गाउँबाट दुई घन्टा पैदलयात्रापछि रुगिखाँडा भन्ने स्थानमा पुग्न सकिन्छ । एकैदिनमा तालसम्म पुग्न नसकिने भएकाले बयाने भन्ने स्थानमा एक रात बास बस्नुपर्छ । भोलिपल्ट बिहान ताल दृश्यावलोकन गरी बेलुका रायाँगाउँ नै आइपुग्न सकिन्छ । कर्णालीमा यस्तै सयौंको संख्यामा पर्यटकिय गन्तव्यहरु रहेका छन् ।

## स्वास्थ्य सन्देश

**उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।**

**महावै गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

## बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ । साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

हाम्रा विशेषता

– सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्
– अनलाईन पत्रिका डिजाइन ।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
– वेव तथा अनलाईनका लागि होस्टीग ।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
– भिडियो डुकुमेन्ट्री उत्पादन ।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

**स्थानीय आपतकालिन केन्द्रहरुको स्थापना गरि उद्धार टोली र राहतको सामाग्रीको जोहो गरौं ।**

**विपद्को समयमा आपतकालिन केन्द्रमा तुरुन्त खबर गरौं ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत